# त्रि. बि. आयुर्वेद शिक्षण अस्पताल, कीर्तिपुर काठमाण्डौं

## Ayurved Medicine 01/2080/081

**खरिद कार्यको सिलवन्दी दरभाउ आव्हान ।**

**सूचना प्रकाशित मिति २०८०/१०/०९**

**दरभाउपत्रदाताले पालना गर्नु पर्ने शर्तहरु :**

१) दरभाउपत्र फाराम साथ संलग्न औषधीहरु आपूर्ति गर्न सकिने दररेट प्रस्टसंग उल्लेख गरी प्रकाशित सूचनाको मिति तथा समयभित्र उक्त दरभाउपत्र शिलवन्दी गरी कीर्तिपुर स्थित यस अस्पतालमा बुझाउनु पर्नेछ । दरभाउपत्र बुझाउने अन्तिम मितिको दिन बिदा परेमा सो को भोलिपल्टलाई अन्तिम मिति मानिनेछ । शिलवन्दी गरी नआएको वा म्याद नाघि आएका दरभाउपत्रहरु उपर कारवाही हुने छैन । त्यस्ता दरभाउपत्रहरु नखोली सम्वन्धित दरभाउपत्रदातालाई नै फिर्ता गरिनेछ

२) रित पूर्वक प्राप्त सिलवन्दी दरभाउपत्र हरु सूचनामा तोकिएको मिति, समय तथा स्थानमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा समेत सिलवन्दी दरभाउपत्र खोल्न सकिनेछ ।

३) दरभाउपत्र साथ दरभाउपत्र दाताले औषधी व्यवस्था विभागमा दर्ता भएको नविकरणको प्रमाणपत्र र आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्र, VAT/PAN मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपिहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । DDA registration नभएको कम्पनीको आइटमहरु स्वतः Disqualified गरिनेछ ।

४) दरभाउपत्र साथ दरभाउपत्र दाताले स्वदेशी उत्पादन भए नेपाल सरकार औषधी व्यवस्था विभागवाट स्वीकृति प्राप्त ल्याव अथवा विदेशी कम्पनी भए सम्वन्धित देशको औषधी नियन्त्रण कार्यालयवाट स्वीकृति प्राप्त ल्यावबाट आपूर्ति गर्ने प्रत्येक व्याचका औषधीहरुको व्याच एनालाइसीस रिपोर्टको प्रमाणित प्रतिलिपि पेश गर्ने लिखित प्रतिवद्धता पेश गर्नु पर्नेछ । आपूर्ति गरिएका औषधीहरुको Quality Analysis यस अस्पतालले समेत गर्न सक्नेछ । यसो गर्दा आपूर्ति गरिएका औषधीहरुको गुणस्तर भएको नपाइएमा उक्त औषधीहरुको सट्टा गुणस्तरीय औषधी अविलम्व आपूर्ति गर्नु पर्नेछ । अन्यथा अस्पतालले निर्धारण गरेको उचित जरिवाना आपूर्तिकर्ता फर्म वा डिस्ट्रिब्युटरले अनिवार्य तिर्नु पर्नेछ । Quality Analysis गर्दा लागेको खर्च फर्म वा डिस्ट्रिब्युटर्स स्वयंले तिर्नु पर्नेछ।

५) यस अस्पतालबाट बिक्री गरिने औपधिहरुको मूल्य तुलनात्मक रुपमा अन्य वाह्य बजारको विक्री मुल्यभन्दा बढि भएको पाईएमा उक्त दरभाउपत्र स्वीकृत गर्न बाध्य हुने छैन ।

६) दरभाउपत्र वुझाउदा खामको वाहिरपट्टि दरभाउपत्रदाताको नाम, फर्मको नाम तथा ठेगाना एवं छाप स्पष्ट बुझिने गरी लेखिएको हुनु पर्नेछ।

७) दरभाउपत्र फारम (विवरण जस्तै Unit, Quantity तथा Specification आदिमा) कुनै किसिमको केरमेट वा सच्याई कैफियत जनाउन पाईने छैन । केरमेट गरि सच्याईएकोलाई मान्यता दिईने छैन ।

८) दरभाउपत्र फाराममा औषधि तथा सामानको एकाइ मूल्य (दर) लेख्दा अंक तथा अक्षरमा प्रष्टसंग लेखिएको हुनुपर्नेछ । केरमेट गरी सच्याइएकोमा आधिकारीक हस्ताक्षर तथा कार्यालयको छाप अनिवार्य हुनु पर्नेछ । एकाई मूल्य लेख्दा **टिपेक्स लगाउन पाईने छैन यदि त्यो गरेको पाईएमा उक्त आईटम स्वतः रद्द गरिनेछ**

९) दरभाउपत्र दाताले बोलपत्र फारामको प्रत्येक पानामा दस्तखत गर्न र सम्वन्धित फर्मको छाप अनिवार्य रुपमा लगाउनु पर्नेछ ।

त्रि. वि. शा. अ. आयुर्वेद शिक्षण अस्पताल कीर्तिपुर

Scanned with CamScanner

१०। दरभाउपत्र साथ आफुले कबोल गरेको कुल रकमको [illegible] हुने रकम यस अस्पतालको नेपाल बैक कीर्तिपुरमा रहेको च.हि.नं. ०४५००१००१०३७२५००००००१ मा नगद जम्मा गरेको सक्कलै भौचर वा ७५ दिन म्याद भएको मान्यता प्राप्त क वर्गको वाणिज्य बैकको जमानी पत्र (बैक ग्यारेन्टी) पेश गर्नु पर्नेछ । दरभाउपत्रको मान्य अवधि ४५ दिनको हुनेछ ।

११। दरभाउपत्रमा दरभाउपत्रदाताले कुनै पनि अतिरिक्त शर्त राख्न पाउने छैन । शर्त राखि पेश गरेको दरभाउपत्र अमान्य हुने छ ।

१२। दरभाउपत्र फारामको औषधि/सामानको एकाई मूल्यको अंक र अक्षर महलमा औषधि/सामानको मूल्य र सो अनुसारको जम्मा रकम स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ ।

१३। यस अस्पतालबाट बिक्री गरिएको दरभाउपत्र फारम नै प्रयोग गर्नु पर्नेछ । अन्य दरभाउपत्र फारम अमान्य हुनेछ

१४। कुनै पनि औषधिको मूल्य कबोल गर्दा एक पैसा भन्दा कम कबोल गर्न पाईने छैन । एक पैसा भन्दा कम कबोल गरेमा उक्त रकमलाई एक पैसा कायम गरी मूल्याङ्कन गरिनेछ ।

१५। धरौटी रकम नपुगेको, म्याद नाघी आएको तथा उपरोक्त शर्तसँग मेल नखाएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

१६। प्राप्त दरभाउपत्रहरु मध्ये बढी वा घटी रकमको दरभाउपत्र स्वीकृत गर्ने/नगर्ने वा दरभाउपत्र आंशिक तथा पूरा स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस सेन्टरमा निहित हुनेछ । दरभाउपत्रमा उल्लेखित समानहरुको परिमाण आवश्यकता अनुसार जतिसुकै थपघट गरी खरिद गर्न सकिनेछ । दरभाउपत्रमा उल्लेखित औषधि/सामान आ.व. ०८०।०८१ अवधिभर यस अस्पतालको आवश्यकता अनुसार पटक पटक खरिद गरिनेछ ।

१७। सामान आपूर्तिको आदेश फोन, ईमेल वा फ्याक्सबाट गरिनेछ । उक्त सामान दरभाउपत्रदाताले खरिद आदेश प्राप्त गरेको मितिले ७ दिन भित्र आपूर्ति गर्नु पर्नेछ । तोकेको समयमा सामानहरु आपूर्ति गर्न नसकि अन्य फर्म वा कम्पनीबाट खरिद गर्नु परेमा खरिद गर्दा दरभाउपत्रको दर भन्दा बढी परेमा खरिद बिलको कुल रकममा १५ प्रतिशत जरिवाना र बढी परेको रकम समेत दरभाउपत्रदाताको रनिङ्ग बिलबाट वा निजको धरौटीबाट असुल गरिनेछ ।

१८। सम्झौता बमोजिम आपूर्ति गर्नुपर्ने औषधीहरु यस अस्पतालको भन्डार शाखा सम्म पुर्‍याउदा हुने ढुवानि लगायत अन्य खर्च आपूर्तिकर्ता स्वयम्ले व्यहोर्नु पर्नेछ

१९। औषधि वा सामानको बिल भूक्तानी गर्दा नेपाल सरकारको प्रचलित नियमानुसार करकट्टी गरिनेछ ।

२०। स्वीकृत दरभाउपत्रदातासग सम्झौता भए पछि अन्य दरभाउपत्रदाताको (धरौटी) जमानत फिर्ता गरिनेछ । स्वीकृत भएको दरभाउ पत्रदाता/फर्म सम्झौता गर्न तोकिएको समयभित्र उपस्थित नभए निजको धरौटि रकम जफत गरी दोस्रो कम दर कबोल गर्ने फर्मसंग सम्झौता गर्न सकिनेछ ।

२१। दरभाउपत्र पेश गर्दा दररेटको साथै कबोल गरेको आइटमको MRP पनि अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ साथै सम्झौता पश्चात कुनै औषधीको MRP घटेमा घटेको अनुपातमा मुल्य घटाई औषधि वा सामान आपूर्ति गर्नु पर्नेछ ।

२२। दरभाउपत्रमाथि Itemwise मूल्यांकन गरिनेछ ।

२३। नियमानुसार आपूर्ति हुने औषधीहरुको Expiry Date उत्पादित मितिदेखी कम्तीमा आधा समयावधि बाँकी भएको हुनु पर्नेछ । आपूर्ति गरेका औषधिहरु खपत नभई Expire हुने अवस्था आएमा वा Expire भएमा औषधि वा सामान फिर्ता लगी उक्त औषधि वा सामानको सोधभर्ना गर्नु पर्नेछ । आपूर्तिकर्ताको लापरवाहीबाट औषधि Expire हुन गएमा बाँकी बिलहरुबाट Expire भएका औषधी बराबरको रकम कट्टा गरी मात्र भुक्तानी गरिनेछ ।

२४। यस शर्तभित्र नपरेका बिषयको सम्बन्धमा सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ (संशोधित) का साथै त्रि.वि. आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धित नियम २०५० (संशोधित) बमोजिम हुनेछ ।

२५। दरभाउपत्र मिति २०८०/१०/२४ गते दिउसो २ बजे यस अस्पतालमा खोलिनेछ ।

Scanned with CamScanner